# विन नेपाल लघुवित्त वित्तीय संस्था लि.

# Wean Nepal Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था (बागमती प्रदेश स्तरीय कार्यक्षेत्र भएको)


पत्र संख्या......५४१/०७८/७९ मिति:२०७९/०१/२९.........

श्री नेपाल स्टक एक्सचेञ्ज लि.
सिंहदरबारप्लाजा, काठमाडौं ।

**विषय : वार्षिक साधारण सभा बस्ने बारेको जानकारी सम्बन्धमा ।**

महाशय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति २०७९/०१/२९ गते अपरान्ह ३:१५ बजे बसेको सञ्चालक समितिको १०/०७८/७९ औं बैठकको निर्णय अनुसार आ.व.२०७७/७८ को सातौं वार्षिक साधारण सभा मिति २०७९/जेष्ठ २० गते शुक्रवारका दिन बिहान ११:०० बजे श्री इन्द्रावती सामुदायिक सेवा केन्द्र, फटकशिला-८, सिन्धुपाल्चोकमा वस्ने व्यहोरा जानकारी गराउँदछौं । साथै, उक्त साधारण सभामा देहायका प्रस्तावहरु निर्णयार्थ पेश गरिने व्यहोरा अवगत गराउँदछौं ।

**क) सामान्य प्रस्ताव :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०७७/७८ को सातौं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०७७/०७८ को वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने ।
३. आर्थिक वर्ष २०७७/०७८ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारश्रमिक निर्धारण गर्ने ।
४. आर्थिक वर्ष २०७७/०७८ को मुनाफाबाट प्रस्तावित बोनस शेयरमा लाग्ने कर प्रयोजनार्थ चुक्ता पूँजीको ०.५ प्रतिशतले हुने रकम नगद लाभांश पारित गर्ने ।
५. सञ्चालक समितिमा संस्थापकको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक संख्या ४ र सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक संख्या २ निर्वाचन गर्ने । निर्वाचन कार्यतालिका सम्वन्धी सूचना छुट्टै प्रकाशन गरिनेछ ।
६. विविध ।

**ख) विशेष प्रस्ताव :**

१. वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय सिन्धुपाल्चोक जिल्ला मेलम्ची नगरपालिका वडा नं. १३ कायम रहेकोमा संस्थाको रजिष्टर्ड तथा केन्द्रीय कार्यालय काभ्रेपलाञ्चोक जिल्ला बनेपा नगरपालिका कायम गर्ने र सोही बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने ।
२. आर्थिक वर्ष २०७७/०७८ को मुनाफाबाट संस्थाको चुक्ता पूँजीको ९.३३ प्रतिशतका दरले शेयरधनीहरुलाई बोनस शेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने ।
३. संस्थाको चुक्ता पूँजीमा ९.३३ प्रतिशतका दरले बोनस शेयर वितरण गरे पश्चात् कायम हुन आउने चुक्ता पूँजीमा संस्थाको संस्थापक तथा सर्वसाधारण शेयरधनीहरुको अनुपात ७०:३० गरी मिलाउन बोनस शेयर



CamScanner

पत्र संख्या....................                                                                 मितिः.............................

वितरण पश्चात् कायम हुने शेयरको अनुपातमा सर्वसाधारणको लागि एफपिओ जारी गर्न प्रवन्धपत्र संशोधन गर्ने ।

४. यस संस्था लि. अन्य कुनै लघुवित्त वित्तीय संस्थासँग एक आपसमा गाभ्ने र गाभिने (मर्जर) तथा विलय (एक्विजिसन) गर्न उपयुक्त देखिएमा मर्जर/एक्विजिसन गर्न, ड्यू डिलिजेन्स अडिट गर्न, नियमनकारी निकायबाट आवश्यक स्वीकृति लिन तथा सो सम्बन्धमा सम्पूर्ण काम गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने ।

५. संस्थाको प्रबन्धपत्र, नियमावलीमा संशोधन गर्ने कार्य तथा गाभिने (मर्जर) तथा विलय (एक्विजिसन) समेतका कार्य सम्बन्धमा नियमनकारी निकाय वा अन्य कुनै कार्यालयहरुबाट कुनै पनि विषयमा संशोधन/परिमार्जन/थपघट वा परिवर्तन गर्न कुनै निर्देशन/सुझाव प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्नुपरेमा सो कार्यहरु समेत गर्न संस्थाको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

ग) विविध

भवदीय

बसन्त बहादुर शाक्य
(कम्पनी सचिव)



CamScanner